# स्थानीय राजपत्र

## सुनकोशी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-९ सङ्ख्या-१६ सुनकोशी स्थानीय राजपत्र प्रकाशित मिति २०८२/१०/०२

## भाग-२

### सुनकोशी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधान बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## गैह्र सरकारी संस्थासँग सहकार्य सम्बन्धी निर्देशिका, २०८२

सुनकोशी गाउँगाउँपालिकाले गैह्र सरकारी संस्थाहरुसँगको सहकार्य र समन्वयलाई प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २५ र सोही ऐनको दफा १०२ (२) सुनकोशी गाउँ कार्यगाउँपालिकाको निर्णयबाट गैह्र सरकारी संस्थासँग सहकार्य सम्बन्धी निर्देशिका, २०८२ जारी गरिएको छ।

### परिच्छेद-१

### <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस निर्देशिकाको नाम **"गैह्र सरकारी संस्थासँग सहकार्य सम्बन्धी निर्देशिका, २०८२"** रहनेछ।

(२) यो निर्देशिका कार्यगाउँपालिकाबाट पारित भएको मितिबाट लागू हुनेछ।

२. <u>परिभाषा र व्याख्या</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "अध्यक्ष" भन्नाले सुनकोशी गाउँगाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ख) "उपाध्यक्ष" भन्नाले सुनकोशी गाउँगाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ग) "गाउँगाउँपालिका" भन्नाले सुनकोशी गाउँगाउँपालिकालाई सम्झनु पर्दछ ।

(घ) " गैह्रसरकारी संस्था " भन्नाले नेपालको प्रचलित कानुन अनुसार दर्ता भएको गैह्रसरकारी संस्था, सामुदायिक संस्था र उपभोक्ता समितिहरु समेत सम्झनु पर्दछ ।

(ङ) "गैह्रसरकारी संस्था समन्वय समिति" भन्नाले यस निर्देशिका बमोजिम गठन हुने गैह्रसरकारी संस्था समन्वय समितिलाई सम्झनु पर्दछ ।

(च) "विषयगत समिति" भन्नाले सुनकोशी गाउँगाउँपालिकाको कार्य विभाजन नियमावली बमोजिम गठन भएका विषयगत समितिहरु सम्झनु पर्दछ ।

(छ) " गैह्रसरकारी संस्था महासंघ" भन्नाले गैह्रसरकारी संस्थाहरुको छाता सङ्गठन गैह्रसरकारी संस्था महासंघ नेपाललाई सम्झनु पर्दछ ।

३. **<u>निर्देशिकाको उद्देश्य</u>** : यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) सुनकोशी गाउँगाउँपालिका र गैह्रसरकारी संस्था, गैह्रसरकारी संस्था र गैह्रसरकारी संस्थाहरुसँगको आपसी सहकार्य र समन्वय लाई व्यवस्थित एवम् प्रभावकारी बनाउने।

(ख) गाउँपालिकामा कार्य गर्ने गैह्रसरकारी संस्थाहरुलाई सहज र सरल वातावरण सृजना गर्ने।

(ग) गाउँपालिकाको सामाजिक, आर्थिक, मानवीय लगायत समग्र विकासमा गैह्रसरकारी संस्थाहरुसँग भएको ज्ञान, सीप, क्षमता र स्रोत साधनको प्रभावकारी सदुपयोग गर्ने।

## परिच्छेद-२

## <u>समन्वय र सहकार्य</u>

४. **<u>समन्वय र सहकार्य</u>** : (१) गाउँपालिकाको क्षेत्र भित्र कार्य गर्ने गैह्र सरकारी संस्थाहरुसँग गाउँपालिकाले सहकार्य गर्नेछ।

(२) गाउँपालिका क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरु र गाउँपालिकावीच कार्य प्रकृतिका आधारमा गाउँपालिकाले समन्वय गर्नेछ।

(३) गाउँपालिकाले आफ्नो प्राथमिकताका क्षेत्रमा कार्य गर्न गैह्रसरकारी संस्थाहरुलाई साझेदारीको लागि सहज र सरल कार्यविधि अवलम्बन गर्नेछ।

(४) गाउँपालिकासँग सहकार्य गर्न इच्छुक वा कार्य गरिरहेका गैह्रसरकारी संस्थाहरुले तोकिएको ढाँचामा आफ्नो संस्थागत विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ र गाउँपालिकाले सो को विवरण वार्षिक रुपमा अद्यावधिक गर्नेछ।

(५) उपदफा (घ) अनुसार अद्यावधिक भएका गैह्रसरकारी संस्थाहरु यस गाउँपालिकामा सुचिकरण भएको मानिनेछ।

(६) गाउँपालिकाको क्षेत्र भित्र कार्यालय स्थापना गरेका गैह्रसरकारी संस्थाले कार्यालय स्थापना गरेको जानकारी सुनकोशी गाउँ कार्यगाउँपालिकाको कार्यालयलाई गराउनु पर्नेछ।

(७) गाउँपालिकाको तर्फबाट गाउँपालिका क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरुलाई दर्ता, नविकरण शुल्क, कर लगायतका आर्थिक भार थपिने कार्य गरिने छैन।

## परिच्छेद-३

## समन्वय संयन्त्र

५. **गैह्रसरकारी संस्था समन्वय समितिको गठन** : गाउँपालिकामा तपसिल अनुसारको एक "गैह्रसरकारी संस्था समन्वय समिति" गठन हुनेछ।

(क) उपाध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत वा गाउँपालिकाले तोकेको एकजना अधिकृत-सदस्य

(ग) सामाजिक विकास समितिका संयोजक - सदस्य

(घ) गैह्रसरकारी संस्था महासंघ नेपालको गाउँपालिकास्तरीय समन्वय समितिको संयोजक वा महासंघले तोकेको एकजना प्रतिनिधि - सदस्य

(ङ) गाउँपालिकामा क्रियाशिल गैह्रसरकारी संस्थाहरुमध्येबाट गैह्रसरकारी संस्था महासंघ नेपालको जिल्ला शाखा वा गाउँपालिका समन्वय समितिसँगको समन्वयमा गाउँपालिकाका अध्यक्षले तोकेको कम्तिमा १ जना महिला हुने गरी सामाजिक समावेशिताका आधारमा २ जना - मनोनित सदस्य

(च) सामाजिक तथा आर्थिक विकास शाखा प्रमुख - सदस्य सचिव

६. **समन्वय समितिको काम, कर्तव्य र अधिकार** : (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिकासँग सहकार्य गर्ने तथा गाउँपालिका क्षेत्र भित्र कार्यरत गैह्रसरकारी संस्था तथा सामाजिक संस्थाहरु विच समन्वय गर्ने।

(ख) गाउँपालिका क्षेत्रभित्र आयोजना सञ्चालन गर्ने गैह्रसरकारी संस्थाहरुसँग समन्वय गर्ने।

(ग) गैह्रसरकारी संस्थाहरुसँग समन्वय तथा सहकार्यका लागि गाउँपालिकाका प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्ने।

(घ) गैह्रसरकारी संस्थाहरु मार्फत सञ्चालित आयोजनाहरुको प्रगति समीक्षा गर्ने ।

(ङ) गैह्रसरकारी संस्थाहरु मार्फत गाउँपालिका क्षेत्रमा सञ्चालन भएका कार्यक्रमहरुको अनुगमन गर्ने तथा आवश्यक पृष्ठपोषण दिने।

(च) गैह्रसरकारी संस्थावाट सञ्चालन गर्ने कार्यक्रम तथा योजना कार्यगाउँपालिका तथा गाउँ सभामा पेश गर्ने।

(छ) गाउँपालिकाले कार्यक्रम कार्यान्वयन वा साझेदारीका लागि गैह्रसरकारी संस्था छनौट गर्दा निष्पक्षताका आधारमा योग्य र सक्षम संस्था छनौट गर्न गाउँपालिकालाई सहयोग गर्ने।

(ज) गाउँपालिकाको वार्षिक योजना तर्जुमा प्रकृयामा गैह्रसरकारी संस्थाहरुको प्रभावकारी सहभागिताका लागि समन्वय गर्ने।

(झ) गैह्रसरकारी संस्थाहरुले सञ्चालन गरेका आयोजना वा कृयाकलाप सम्बन्धी अभिलेखलाई दुरुस्त र अद्यावधिक गरिराख्ने।

(ञ) गैह्रसरकारी संस्थाहरुसँग समन्वयका लागि गाउँपालिका भित्रका विषयगत निकायहरु र वडा कार्यालयहरुमा जानकारी गराउने।

(ट) गाउँपालिका स्तरमा क्रियाशिल गैह्रसरकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने।

(ठ) गैह्रसरकारी संस्थाहरुलाई आवश्यक सूचनाहरु उपलब्ध गराउने।

(ड) गैह्रसरकारी संस्थाहरु, गाउँपालिका र सरोकारवालाहरुवीच समन्वय तथा साझेदारी बैठकहरुको आयोजना गर्ने।

(ढ) संस्थाहरुबीच कार्यक्रम कार्यान्वयनको क्रममा दोहोरोपन देखिएमा उक्त दोहोरोपन हटाउन सहजीकरण गर्ने।

(ण) संस्थाहरुसँग सहकार्य गर्न तथा संस्थाहरुको क्षमता प्रवर्द्धन गर्न बजेट तर्जुमा गर्ने।

(त) गाउँपालिकाले तोकेका गैह्रसरकारी संस्था समन्वय सम्बन्धी अन्य कार्य गर्ने।

७. **समन्वय समितिका सदस्यको पदावधी र पदपूर्ति** : (१) समितिको सदस्यहरुको पदावधि र पदपूर्ति देहाय बमोजिम हुनेछ।

(क) गैह्रसरकारी संस्था समन्वय समितिका पदेन बाहेकका सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ।

(ख) पदेन सदस्य बाहेक, एकै व्यक्ति लगातार दोस्रो पटक मनोनित हुन सक्ने छैन।

(ग) गैह्रसरकारी संस्था महासंघको जिम्मेवारी हेरफेर भएपछि उक्त पदमा नयाँ कार्यसमिति वा सो को सिफारिस बाट सदस्य तोकिनेछ।

(घ) समन्वय समितिको कुनैपनि पद कुनै पनि कारण (राजीनामा, मृत्यु, बसाइ सराई, फौजदारी अभियोग आदिका कारण) रिक्त हुन सक्नेछ। यसरी पद रिक्त भएमा जुन क्षेत्रवाट प्रतिनिधित्व भएको पद रिक्त भएको हो सोही क्षेत्रबाट पूर्ति गर्ने।

८. **<u>बैठक सम्बन्धी व्यवस्था र निर्णय कार्यान्वयन :</u>** (१) बैठक र निर्णय देहाय बमोजिम हुनेछ।

(क) समितिको नियमित बैठक सामान्यतया दुई महिनामा एक पटक बस्नेछ। नियमित बाहेक आवश्यकता अनुसार बैठक बस्न वाधा हुने छैन।

(ख) संयोजकको परामर्शमा सदस्य सचिवले बैठक बोलाउनु पर्नेछ।

(ग) बैठक सम्बन्धी कार्यविधि, सेवा सुविधा र अन्य व्यवस्था गाउँपालिकाका अन्य समिति वा सो सरह हुनेछ।

(घ) समितिको निर्णयहरु र यस कार्य विधिमा उल्लेखित व्यवस्थाको कार्यान्वयन सम्बन्धी दैनिक जिम्मेवारी सदस्य सचिवको हुनेछ।

## परिच्छेद-४

## <u>आयोजना व्यवस्थापन प्रकृया र गैह्रसरकारी संस्था</u>

९. **<u>कार्यक्रम सञ्चालन गर्नु अघि अनुमति लिनुपर्ने</u>** : (१) गैह्रसरकारी संस्थाहरुले गाउँपालिकाभित्र देहायका कार्यक्रमहरु सञ्चालन गर्दा गाउँपालिकाको अनुमति लिएर मात्र सञ्चालन गर्नुपर्ने छ :-

(क) गैह्रसरकारी संस्थाहरुले सञ्चालन गर्ने तालिम, गोष्ठी, अध्ययन, अनुसन्धान, खेलकुद,

(ख) गैह्रसरकारी संस्थाहरुले सञ्चालन गर्ने क्षमता अभिवृद्धि, आयआर्जनका कार्यक्रमहरु, समुदाय परिचालन

सम्बन्धी विभिन्न गतिविधिहरु,

(ग) गैह्रसरकारी संस्थाहरुले गर्ने भैतिक पूर्वाधार निमार्ण, प्राकृतिक साधन र स्रोतसँग सम्बन्धित कार्यहरु

(घ) प्रकोप पिडित, गरिब, असहाय, अशक्त, विद्यालय, स्वास्थ्य संस्था, विभिन्न सहकारी, समूह, क्लब आदिलाई गैह्रसरकारी संस्थाबाट प्रदान गरिने नगदी तथा जिन्सी सामाग्री वितरणको कार्य।

१०. **<u>योजना तर्जुमा प्रकृयामा गैह्रसरकारी संस्थाहरुको भूमिका</u>** : (१) संस्थाहरुको भूमिका देहाय बमोजिम हुनेछ।

(क) गाउँपालिकाले योजना तर्जुमा प्रकृयामा गाउँपालिकाको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्था तथा सामाजिक संस्थाहरुलाई सहभागी गराउने छ।

(ख) जनचेतना अभिवृद्धि, उद्यमशीलता विकास, रोजगारी सिर्जना, सामाजिक परिवर्तनका लागि लक्षित समुदायको सशक्तिकरण गर्ने कार्यमा गैह्रसरकारी संस्थाको सहभागिता गराउन सकिनेछ।

(ग) गैह्रसरकारी संस्थाहरुले योजना तर्जूमा प्रक्रियामा लैंगिक तथा सामाजिक दृष्टिकोणले पछाडि पारिएको समुदायको सहभागिता अभिवृद्धि गर्न सहजीकरण गर्नुपर्नेछ।

(घ) गाउँपालिकामा लामो समयदेखि कार्यरत वा लामो अवधिका परियोजना सञ्चालन गरिरहेका संस्थाहरुले गाउँपालिकालाई कार्यक्रमहरुबारे जानकारी दिई योजना तर्जुमा प्रक्रियामा समन्वय गर्नु पर्नेछ।

११. **<u>योजना कार्यान्वयन र साझेदारी</u>** : (१) गाउँपालिकासँगको साझेदारीमा विभिन्न विषय वा क्षेत्रगत कार्यक्रमहरु सञ्चालनका लागि गाउँपालिकाले गैह्रसरकारी संस्थाहरुलाई आव्हान गर्न सक्नेछ।

(२) समान प्रकृतिका काममा गैह्रसरकारी संस्था-गैह्रसरकारी संस्था बीच तथा गैह्रसरकारी संस्था र गाउँपालिका वा अन्य विषयगत शाखा बिच दोहोरोपना नहुने सुनिश्चिता गरिनेछ।

१२. **<u>योजना अनुगमन तथा सुपरिवेक्षण र सहभागिता</u>** : (१) समन्वय समितिले संस्थाहरुमार्फत सञ्चालित माथि दफा १० उल्लेखित योजनाहरुको अनुगमन गर्न वडा समिति वा वडा कार्यालयहरु समेतको संलग्नता सुनिश्चित गर्नेछ।

(२) गाउँपालिकाद्वारा सञ्चालन हुने विकास आयोजनाहरुको अनुगमन तथा सुपरिवेक्षण कार्यमा गैह्रसरकारी संस्थाको विज्ञता आवश्यक पर्ने अवस्थामा विषयगत विज्ञता भएका गैह्रसरकारी संस्थालाई समन्वय समितिको सिफारिसमा सहभागी गराइनेछ।

(३) गैह्रसरकारी संस्थाहरुले गाउँपालिका क्षेत्रमा सम्पन्न गरेका गतिविधिहरुको प्रगति विवरण गाउँपालिकाहरुद्वारा आयोजना हुने समिक्षा बैठकहरु मार्फत गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ।

१३. **सार्वजनिक जवाफदेहिता सम्बन्धी व्यवस्था** : (१) गैह्रसरकारी संस्थाले सञ्चालन गरेका आयोजनाहरु एवम् प्राप्त उपलब्धिका बारेमा आयोजना कार्यान्वयन स्थलका नागरिक, जनप्रतिनिधि, उपभोक्ता समितिका पदाधिकारी, सञ्चारकर्मी तथा सरोकारवालको उपस्थितिमा गाउँपालिका स्तरिय सार्वजनिक सुनुवाई वा सामाजिक परीक्षण गराउनु पर्नेछ। निर्माणसँग सम्बन्धित योजनाहरुका सम्बन्धमा गाउँपालिकाले तोकेको ढाँचामा सार्वजनिक परीक्षण गराउनुपर्नेछ।

(२) गाउँपालिकाले आयोजना गरेका सार्वजनिक सुनुवाईमा गैह्रसरकारी संस्थाहरुको सहभागिता सुनिश्चित गरिनेछ। सार्वजनिक सुनुवाईमा गाउँपालिकाले गैह्रसरकारी संस्थाका प्रतिनिधिहरुलाई जवाफदेही वक्ताका रुपमा उपस्थित गराउन सक्नेछ।

## परिच्छेद-५
## विविध

१४. **गैह्रसरकारी संस्थाको प्रतिनिधित्वको व्यवस्था** : (१) गाउँपालिकाका विभिन्न विषयगत समितिहरु, प्रदेश तथा संघीय सरकारद्वारा गठन गरिने गैह्रसरकारी संस्थाको सहभागिता हुनुपर्ने समिति तथा उप समितिहरुमा गैह्रसरकारी संस्था महासंघको जिल्ला समिति वा गाउँपालिका स्तरीय समन्वय समितिको सिफारिसमा सम्बन्धित विषयगत विज्ञता भएका गैह्रसरकारी संस्थाका प्रतिनिधिलाई आवश्यकता अनुसार प्रतिनिधित्व गराइनेछ ।

(२) गाउँपालिकामा कृयाशिल संस्थाहरु मध्ये कुनै संस्था गैह्रसरकारी संस्था महासंघको सदस्य नभएको अवस्थामा सोहि कारणले उपरोक्त समितिहरुमा प्रतिनिधित्व गर्ने अवसरबाट वञ्चित गरिने छैन।

१५. **सिफारिस सम्बन्धमा** : गाउँपालिकाले गैह्रसरकारी संस्था दर्ता, नवीकरण, विधान संशोधन जस्ता कार्य तथा अन्य गाउँपालिकामा मुख्य कार्यालय रही यस गाउँपालिकामा शाखा कार्यालय वा सम्पर्क कार्यालय खोल्न र अन्य स्थानीय तह र निकाय एवम् स्वदेशी तथा विदेशी साझेदार निकायमा पेश गर्ने प्रयोजनका लागि आवश्यक पर्ने सिफारिस गाउँपालिकाको समन्वय समितिले उपलब्ध गराउनेछ। सिफारिस माग गर्दा पेश गर्नुपर्ने कागजातहरु सम्बन्धित संस्थाले तोकेको ढाँचा भए सोही बमोजिम र नभएको अवस्थामा अनुसूची १, २, र ३ मा उल्लेख भए बमोजिम हुनेछ।

१६. **पुरस्कार तथा सम्मान** : गाउँपालिकाले सामाजिक सेवाको कार्यमा संलग्न भई जनताको अधिकार संरक्षण गर्ने र पिछडिएको वर्ग, क्षेत्र र समुदायको हित, कल्याण र सशक्तिकरणका लागि योगदान पुर्‍याउने गैह्रसरकारी संस्था तथा सामाजिक अभियन्ताहरुलाई पुरस्कृत गर्न सक्नेछ।

१७. **संशोधन :** यो निर्देशिका संशोधन गर्नुपर्ने भएमा गैह्रसरकारी संस्था समन्वय समितिले संशोधनको प्रस्ताव तयार गरी कार्य गाउँपालिकामा पेश गर्न सक्नेछ। समितिबाट प्राप्त हुन आएको संशोधन प्रस्ताव कार्यगाउँपालिकाको निर्णय अनुसार लागु हुनेछ।

१८. **बाधा अड्काउ फुकाउने अधिकार :** यस निर्देशिकाको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ आईपरेमा त्यस्तो बाधा अड्काउ फुकाउन गैह्रसरकारी संस्था समन्वय समितिले गाउँपालिका समक्ष सिफारिस गर्नेछ। उक्त सिफारिस बमोजिम गाउँपालिकाले आदेश जारी गर्न सक्नेछ। उक्त आदेश पश्चात लगत्तै बस्ने कार्यगाउँपालिकाको बैठकबाट अनुमोदन हुन नसकेमा उक्त आदेश स्वतः निष्कृय हुनेछ।

१९. **बचाउ र लागु नहुने :** यो निर्देशिकामा लेखिएको हकमा यसै अनुसार हुने र यसमा उल्लेख नभएको कुरामा प्रचलित कानुन अनुसार हुनेछ। नेपालको संविधान तथा प्रचलित कानुनसँग यस निर्देशिकामा उल्लेखित प्रावधानहरु बाझिन गएमा बाझिएको हदसम्म यस निर्देशिकाका सम्बन्धित दफा र उपदफाहरु स्वतः निष्क्रिय हुनेछन्।

## अनुसुची-१

### (दफा १५ सँग सम्बन्धित)

### संस्था दर्ता सिफारिसका लागि आवश्यक कागजातहरु

१. निवेदन।

२. प्रारम्भिक भेलाले पारित गरेको विधान।

३. प्रारम्भिक भेलाले तदर्थ समितिको गठन तथा संस्था दर्ता गर्न गरेको निर्णयको प्रतिलीपि।

४. संस्था दर्ताका लागि गठित तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरुको तपसिल अनुसारको विवरण :-

क) नाम :

ख) ठेगाना :

ग) उमेर :

घ) पेशा :

ङ) नागरिकता नं. :

च) नागरिकता जारी गर्ने निकाय र जिल्ला :

## अनुसुची-२

### ( दफा १५ सँग सम्बन्धित)

### नवीकरण सिफारिसका लागि आवश्यक कागजातहरु

१. नवीकरण गरी पाउनका लागि संस्थाले गाउँपालिकालाई लेखेको पत्र।

२. संस्थाको गत आ.व.को लेखापरीक्षण प्रतिवेदन।

३. संस्थाको गतआ.व.को प्रगति प्रतिवेदन।

## अनुसुची-३

**(दफा १५ सँग सम्बन्धित)**

**विदेशी विकास साझेदारमा सिफारिस पत्रका लागि अनुरोध गर्दा आवश्यक पर्ने कागजातहरु**

१. सिफारिस माग सम्बन्धी संस्थाको आधिकारिक पत्र।

२. सिफारिस गरिने विषयसँग सम्बन्धित कागजातहरु को प्रतिलीपि।

आज्ञाले,
लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः २०८२/१०/०२